# आर्थिक वर्ष २०६९/०७० को सामाजिक परीक्षण

# प्रतिवेदन २०७०

# सिद्धार्थनगर नगरपालिका भैरहवा



**सामाजिक परिक्षक**

**लिला कुमारी पौडेल**

# मेरो भनाई

सामाजिक परिक्षण कार्य नागरिक समुदायले नयाँ महसुस गरेतापनि उल्लेखनिय सहभागिता रहेको थियो । आफ्ना मनमा लागेका कुरा स्थानिय निकाय समक्ष फुकाउने अवसर पनि प्राप्त भएको थियो । जसको गर्दा सेवा प्रदायक र सेवा ग्राहीको विचमा राम्रो सम्बन्ध कामय रहने वास्तविक समस्या र समाधानका लागि चाल्नु पर्ने कदम र सुझाव समेत नागरिक समुदायले पेश गरेका थिए । जसको सहायताले आगामी कार्यक्रम गर्दा स्रोत र साधनको पहिचान गरि काम गर्न समेत सहज हुन जान्छ ।

राज्यले प्रदान गर्दै आएका सेवा सुविधा र सि.न.पा. को आफ्नै आन्तरिक आम्दानीबाट नागरिकलाई के कति सेवा र सुविधा उपलव्ध हुन सके के कति सेवा सुविधा उपलव्ध हुन कठिनाई रहे ? सेवा लिने र दिने पक्षका विचमा के कस्ता गुनासा कमि कमजोरी छन् ? राज्यले चहेजस्तो उद्देश्य हासिल भएका छ छैन ? अथवा स्थानिय निकायको चाहनासँग राज्यको कदम मेल खाएको वा नखाएको अवस्था छ । सवै कुराको लेखाजोखा गर्ने कार्यक्रमबाट लक्षित वर्गलाई सेवा सुविधा पुऱ्याउन समग्र समाजमा परेको प्रभाव र असर समेतको मूल्याङ्कन गरी प्राप्त सुझावहरुको आधारमा आगामी कार्यक्रमलाई अझ प्रभावकारी बनाउदै लैजाने उद्देश्यले सि.न.पा. मा. मिति २०७० भदौ महिनामा सामाजिक परिक्षण कार्य गरिएको छ ।

प्रतिवेदन तयारी र सामाजिक परिक्षण कार्यमा सहयोग पुऱ्याउनु हुने सि.न.पा. का कार्यकारी प्रमुख र विभिन्न फाँटका प्रमुखहरु, कर्मचारीहरु, स्थानीय बासीहरु, सामाजिक परिचालकहरु, स्वास्थ्य कर्मीहरु, स्थानीय राजनीतिक दलका प्रतिनिधिहरु, समाजसेवी, बुद्धिजीवि, पत्रकार, शिक्षक, विभिन्न संघ संस्थाका प्रतिनिधिहरु, प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउने सम्पूर्ण महानुभावहरु र प्रतिवेदन लेखनमा सहयोग गर्ने सहायक सामाजिक परिक्षक कल्पना तिवारीलाई हार्दिक धन्यवाद दिन चाहन्छ ।

मिति: २०७०/०६/०४

प्रतिवेदक

लिलाकुमारी पौडेल

सामाजिक परिक्षक

## १. पृष्ठभूमि

सरकारी तथा गैरसरकारी संस्थाहरुमा सरल तरीकाले जनताका समस्यालाई समाधान गर्न पारदर्शिता, जवाफदेहिता, सहभागिता र विधिको शासनको आवश्यकता पर्दछ । यी कुराहरु प्रजातन्त्रका आधरस्तम्भ हुन यसै कुरालाई मनन गरी सुशासन व्यवस्थापन र सञ्चालन ऐन २०६३, नियमावली २०६४ तथा स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली २०६४ को नियम २०१ (१) बमोजिम तथा स्थानीय विकास मन्त्रालय स्थानीय निकायहरुले एक आर्थिक बर्षमा समग्र सामाजिक जिम्मेवारी पूरा गरे नगरेको सम्बन्धमा लेखाजोखा गर्ने कार्यलाई व्यवस्थित गर्न स्थनिय निकाय सामाजिक परिक्षण कायविधि २०६७ लागु गरिएकोमा सिद्धार्थनगर नगपालिकाले मिति २०६९ श्रावण १ गते देखि अषाढ मसान्त सम्ममा नेपाल सरकार द्वारा प्राप्त रकम र न.पा. को आफ्नै श्रोत बाट सञ्चालित सम्पादित समग्र कार्यक्रम अर्न्तगत जेष्ठ नागरिक, एकल महिलालाई दिइने भत्ता स्वास्थ्य सस्थाबाट प्रदान गरिने सेवा र स्थानीय निकायको सामाजिक जिम्मेवारी त्यसलाई पालन गर्न भएको प्रयास तथा कार्य सम्पादनको लेखाजोखा गरी सेवाप्रदायक र सेवाग्राहि बिचको सम्बन्धलाई सूमधूर बनाउन सि.न.पा.आर्थिक बर्ष २०६९/०७० को समग्र कार्यक्रमको सामाजिक परिक्षणको लागि प्रतिवेदन तयार गर्ने कार्य गरिएको छ । सि.न.पा. प्राशासकिय प्रमुख, योजना प्रमुख, लेखा अधिकृत, सामाजिक शाखा अधिकृत लगायत बिभिन्न फाटका कर्मचारीहरु सामाजिक परिचालक र स्वास्थ्य कर्मी (एच.ए.) संग छलफल गरी सि.न.पा. को सार्बजनिक सुनाई, ब्रोसर, २०६९/०७० को बजेट पुस्तिका र सि.न.पा. द्वारा प्रकासित बिभिन्न सूचनाहरु र नीतिगत निर्णयहरु र समाजसेवी बुद्धिजीवि, शिक्षक, पत्रकार, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरु, सामाजिक संघ संस्थाका प्रतिनिधिहरु, नागरिक समाजले दिएका सुझावहरुलाई समेट्दै अन्तिम प्रतिवेदन तयार गरिएको छ ।

## २. सामाजिक परिक्षण कार्यको मूख्य उद्देश्य

- सि.न.पा.द्वारा गत बर्ष सञ्चालित विकास योजना तथा कार्यक्रममा प्रदान गरिएका सेवा सूविधा सामाजिक सूरक्षा कार्यक्रमको आवश्यकता यसको मूलभूत मर्म र यो कार्यमा भईरहेको श्रोतसाधनको प्रवाह बिचको अवस्थाको लेखाजोखा गर्ने ।
- स्थानीय जनतामा आयोजना छनौट न.पा.को प्राथमिकता सेवा प्रदान गर्ने तरिका तथा समग्र कार्य र सामाजिक सुरक्षा कार्यक्रमको बारेमा जानकारि दिई थप जागरण गर्ने ।

- न.पा.को समग्र कार्यक्रमलाई थप प्रभावकारी बनाउन सरोकारवालाहरुलाई जानकारि प्रदान गरी दक्षता अभिबृद्धि गर्ने ।
- सेवा प्रदायक र सेवा ग्राही बीच सूमधूर सम्बन्ध स्थापना गर्ने साथै सुशासनको प्रत्याभूति दिई सेवा तथा सूबिधा बितरण प्रकृयालाई सरलिकृत गर्ने ।
- यस बर्षको कमि कमजोरि आगामी बर्षमा हून नदिने गरी सूधार ल्याउने ।
- सामाजिक परिक्षण कार्यको प्रभावकारिता बढाई कार्यमा सरलता ल्याउन प्रत्यक्ष लाभान्वित हूने सरोकारवालाहरु समेतको उपस्थितिमा छलफलगरी आवश्यक नीति निर्माणमा सहयोग पुऱ्याउने ।
- स्रोतको समानूपातिक वितरण र सदूपयोग गर्ने प्रकृयामा सबै कियाकलाप पार्दशीर्षता बनाउने ।

## ३. अध्ययन विधि

- सामाजिक परिक्षण अनुसन्धानत्मक र सहभागितात्मक तरिकाले गरिएको छ ।
- अवलोकन विधि
- अन्तर्वार्ता विधि
- छलफल विधि
- सन्दर्भ सामग्रीहरु आ.व. २०६९/०७० को वार्षिक बजेट, नीति तथा कार्यत्रुम, न.पा. द्वारा प्रकाशित पर्चा पम्पलेट २०७० को सार्वजनिक सुनुवाई प्रतिवेदन नागरिक वडापत्रको अध्ययन, समीक्षा र विश्लेषण गरिएको ।

## ४. अध्ययनको सीमाङ्कन

- आर्थिक वर्ष २०६९/०७० को सिमा परिधिमा रहि प्रतिवेदन तयार गरिएको छ ।
- प्रतिवेदनमा राखिएका तथ्याङ्कहरु सि.न.पा. वाट प्रकाशित बजेट पुस्तिका र सूचनाका आधारमा तयार गरिएको ।
- तोकिएको अवधि भित्र सामाजिक परिक्षण कार्य सम्पन्न गरिनुपर्ने ।

**५. बृहत छलफल कार्यक्रमको विवरण**

क. मिति २०७०/०५/२६ ख. स्थान: भैरहवा उच्च मा.वि. सिद्धार्थनगर

ग. समय: दिनको १ बजे

**कार्यक्रमहरु**

- सन्दर्भ सामग्री संकलन र सेवा ग्राहीसँग अन्तर्वार्ता- ६ दिन
- सामाजिक परिचालकहरु र स्वास्थ्य कर्मीहरुसँग छलफल -६ दिन
- विभिन्न फाटका प्रमुखसँग अन्तर्वार्ता - ६ दिन
- अवलोकन र सुझाव संकलन - ३ दिन

**६. स्थानीय निकायको विवरण**

**स्थानीय निकायको नाम**

नाम: सिद्धार्थनगर नगरपालिका

विकास क्षेत्र: पश्चिमाञ्चल

अञ्चल: लुम्बिनी

जिल्ला: रुपन्देही

वडा संख्या: १३

**सिद्धार्थनगर नगरपालीकाका प्रथामिकता तथा लक्ष्यहरु**

शिक्षा, स्वास्थ्य, सुसासन, सञ्चार, यातायात, विद्युत्, सामाजिक सुरक्षा, आर्थिक बृद्धि, वातावरण संरक्षण, भौतिक निर्माण आदिमा प्रथामिकता दिई नगरपालिकाको सर्वाङ्गीण विकास गर्ने लक्ष्य रहेको ।

**सिद्धार्थनगर नगरपालिकाको दुरदृष्टि**

पर्यटन, उद्योग, व्यवसाय र शिक्षा हराभरा बुद्धभूमि सिद्धार्थनगरको ईच्छा

**आर्थिक बर्ष २०६९।०७० का मुख्य मुख्य उपलब्धिहरु**

- एकिकृत सम्पति कर लागु गरी रु. ८७ लाख आम्दानी गरिएको ।

- वडा नं १ वेलहिया स्थित अतिक्रमित जग्गालाई न.पा.को स्वामित्वमा लिई शुल्क पार्किङ्गको व्यवस्था गरिएको ।
- जगेडा कोषको सहयोगमा फोहरमैला व्यवस्थापनका लागि पट्खउली गा.बि.स. वडा नं. ८ ('क' को ६ बिगहा जग्गा खरिद भैसकेको र सो जग्गामा IUDP अर्न्तगत सेनेटरी ल्याण्डफिल साईट निर्माणको लागि प्रस्ताव गरिएको ।
- वेलहिया स्थित जिप पार्कको जग्गामा अव्यवस्थित रुपमा व्यवसाय गरेकाहरुसंग सम्झौता गरी न.पा.को आय आर्जन बृद्धि गरिएको ।
- न.पा.को मुख्य सडकहरुमा अतिक्रमण गरिएका सडक पेटी विस्तार कार्य नगर विकास कोष र न.पा.को संयुक्त लगानीमा पेटी निर्माण कार्य सम्पन्न हुने अवस्थामा रहेको ।

**सामाजिक जिम्मेवारी र कार्यसम्पादनको लेखाजोखा**

**स्वास्थ्य**

**गतवर्षको अवस्था**

- प्राथमिक उपचारको लागि कुनै सुविधा नभएको ।
- सि.न.पा. का वडाहरु ९, १०, ११ र ४ देखि उपचारको लागि भीम अस्पताल र मेडिकल कलेज आउनुपर्ने ।
- ग्रावेल बाटोको कारणले आवत-जावत गर्न असहज ।
- पैसा र समयको खर्च ।
- स्वास्थ्यमा जनचेतनाको अभाव ।
- क्षयरोग, कुष्ठरोग र एड्सवारे जानकारी नभएको ।

**प्रयास**

- प्राथमिक स्वास्थ्य केन्द्र पुर्नजागरण महाशाखाको सहयोगमा स्वास्थ्य केन्द्र सञ्चालन ।
- प्रति विरामी जाँच गरेवापत जनस्वास्थ्यले पठाउने रु. ५ व्यवस्थापन समितिको खातामा जम्मा गरिने ।

- वडाको सचिव व्यवस्थापन समितीको अध्यक्ष ।
- गाउँ घर क्लिनिक सञ्चालन गर्ने सोंचमा ।
- वडा नं. ९ मा स्वास्थ्य केन्द्रको लागि निजी भवन निर्माण गर्ने प्रयासमा ।
- अत्यधिक मात्रामा प्रभावित रोग सम्बन्धी शिविर सञ्चालन ।
- प्रत्येक वर्षको २४ मार्चमा विश्व क्षयरोग दिवश मनाइन्छ जसमा घरदैलो कार्यक्रम गर्ने गरिन्छ ।
- डिसेम्बर फष्टमा विश्व एड्स दिवस मनाउने गरेको ।
- विरामीको तथ्याङ्क विवरण राख्ने गरेको ।
- स्तनपान सप्ताह (१ अगस्त देखि ७ अगष्त)
- बालभिटा स्वास्थ्य केन्द्रबाट वितरण ।

**<u>उपलब्धि</u>**

- सि.न.पा. का वडाहरु ९, १०, ११ र ४ मा प्राथमिक उपचार गाउँमै उपलब्ध ।
- टि.बि., कुष्ठरोग, क्षयरोगको औषधी र खोप सुविधा ।
- गर्भवती परिक्षणको सुविधा ।
- बालभिटा स्वास्थ्य केन्द्रबाट उपलब्ध ।
- पोषण सम्बन्धी सुनौलो एक हजार दिन सम्बन्धी चेतना अभिबृद्धि भएको
- स्तनपानको सही आसन र सही चरण जानकारी पाएको ।
- थप आहारको जानकारी ।
- एड्स सर्ने तरिका र बच्ने उपाए थाहा पाएको ।
- सि.न.पा. वडा नं. ९ मा संचालित नगर स्वास्थ्य केन्द्रबाट सेवा लिने विरामी संख्या ३२०० ले सुविधा पाएको ।
- सि.न.पा.का वडाहरु १० मा संचालित नगर स्वास्थ्य केन्द्रबाट वडा नं. १०, ११ र ४ लगायत अन्य क्षेत्रका ७९४८ विरामीले स्वास्थ्य सुविधा पाएको ।

**सि.न.पा. वडा नं.९ मा देखिएका मुख्य पाँच रोगहरु**

१. स्वासप्रश्वाशसम्बन्धी रोग

२. ज्वरो

३. झाडापखाला

४. कान सम्बन्धी रोग

५. छालासम्बन्धी रोग

**सरसफाई**

**गतवर्षको अवस्थाः-**

- सि.न.पा.मा फोहोरमैला विसर्जनको व्यवस्था नभएको ।
- फोहोरमैला व्यवस्थापनको तालिम नपाएको ।
- संघ संस्थाहरुसँग समन्वयमा कमी ।

**प्रयासः-**

- सि.न.पा.मा फोहोरमैला व्यवस्थापन सम्बन्धी तालिम प्रदान ।
- २०/२० जना गरी २ समुहमा तालिम प्रदान ।
- सि.न.पा.का वडा नं. २,३,४,९,१० र ११ मा नागरिक सचेतना केन्द्र र वडा नागरिक मञ्च गठन गरिएको ।
- सामाजिक परिचालकहरुले समुदायमा सरसफाइ, शिक्षा, स्वास्थ्य, सम्बन्धी सचेतना सम्बन्धी कार्यक्रम संचालन गरेको ।

**उपलब्धीः-**

- फोहोर मैला व्यवस्थापनमा सुधार गर्दै लगिएको ।
- फोहोर मैला व्यवस्थित गर्नुपर्छ भन्ने चेतना जागरण हुँदै गएको ।
- आफ्नो अधिकार र जिम्मेवारीको बारेमा सचेतना अभिबृद्धि हुँदै गएको ।
- शैक्षिक जागरण अभिबृद्धि भएको ।

**जनचेतनाः-**

**गत वर्षको अवस्थाः-**

- स्वास्थ्य, शिक्षा, घरेलु हिंसा, फोहोरमैला व्यवस्थापन, व्यक्तित्व विकास र हकअधिकारका कुरा सम्बन्धी सचेतना कक्षाहरु सञ्चालन नगरिएको ।

**प्रयासः-**

- सि.न.पा.का वडाहरु २,३,४,९,१० र ११ मा नागरिक सचेतना केन्द्र र वडा नागरिक मञ्च गठन गरिएको ।
- सामाजिक परिचालकहरुले आ-आफ्नो वडामा टोल समुह छुट्टाई सचेतना कक्षाहरु सञ्चालन गरिएको । जस्तैः शिक्षा, स्वास्थ्य, सरसफाई, पोषण ।
- नगरपालिका क्षेत्र भित्र संचालित सामुदायिक विद्यालयमा अध्ययनरत अपांगता भएका विद्यार्थीहरुलाई पोशाक वापत नगद रकम वितरण गरिएको ।

**उपलब्धीः-**

- सि.न.पा. का वडाहरु २, ३, ४, ९, १० र ११ मा सचेतनामूलक तालिम पाए ।
- सि.न.पा. मा आएर आफ्ना अधिकारका कुरा गर्न सक्ने भए ।
- बालबालिका विद्यालय भर्ना दर बढेको ।
- सामाजिक सशक्तिकरण भएको ।
- नागरिक सचेतना केन्द्र र वडा नागरिक मञ्च खुलेपछि सवै टोलहरुमा समावेशी तरिकाद्वारा कामकारवाही सञ्चालन गरेको पाइयो ।
- अपांगता भएका विद्यार्थीहरुको भर्ना दर बृद्धि हुनाका साथै विद्यालय छोड्ने दर घटेको ।

**संस्थागत क्षमता**

जनशक्तिः- सि.न.पा. मा रहेका जनशक्तिहरु

जम्मा दरवन्दीः- १८७

स्थायीः- १३७

करारः- ३२

रिक्त:-		१८

**आ.ब. ०६९।०७० का योजना तथा विकास निर्माणका उपलब्धीहरु**

- सडक पेटी निर्माण
- नाला निर्माण तथा सडक पिच, वडा नं. २ मेउडीहवा, वडा नं. ९ गोली गढ देखि दुमदुमवा, नयाा कलोनी पूर्व र वडा नं. ४ मुस्तफाको घर निर
- सतह ढल निर्माण, वडा नं. ४ मायादेवी चौक देखि पूर्व
- सडक पिच कार्य, वडा नं. ११ सिसवादेखि भुजौलीसम्म
- सतह ढल निर्माण कार्य, वडा नं. ९ नयाकलोनी उत्तर प्रभातपथ
- पुल निर्माण कार्य, वडा नं. २ झण्डी बजार पक्लिहवाजाने बाटोमा
- सतह ढल निर्माण कार्य, वडा नं. १२ जनतापथ देखि पूर्व
- शहरी सडक मर्मत कार्य, सि.न.पा.को विभिन्न ठाउँमा
- नाला तथा सडक पिच निर्माण कार्य, वडा नं. ९ नयाँकलोनी
- प्रसुति गृह निर्माण कार्य, वडा नं. १०

**नीति तथा कार्यक्रम:**

१. भौतिक पुर्वाधार विकास नीति

- घरनक्सा पास सम्बन्धी नीति

२. सामाजिक विकास सम्बन्धी नीतिहरु

- महिला शसक्तिकरण नीति
- वातावरण तथा सरसफाइसम्बन्धी नीति
- जनस्वास्थ्य व्यवस्थापन सम्बन्धी नीति
- गरीवी न्यूनीकरणसम्बन्धी नीति
- बालविकास सम्बन्धी नीति

- समुदाय विकास तथा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन सम्बन्धी निती
- समावेशी विकास नीति
- शिक्षा, संस्कृति, कला तथा खेलकुद विकास सम्बन्धी नीति

३. सुशासन प्रर्वधन तथा संगठन विकास नीति

४. सार्वजनिक, निजी, साझेदारी व्यवस्थापन सम्बन्धी नीति

५. सार्वजनिक सम्पति संरक्षण तथा व्यवस्थापन सम्बन्धी नीति

६. आन्तरिक आय वृद्धि तथा राजस्व व्यवस्थापन सम्बन्धी नीति

**भौतिक व्यवस्थापनः-**

सि.न.पा. मा रहेका भौतिक वस्तुहरुको विवरण

| | | | |
|---|---|---|---|
| टोयटा जिपः- | १ | विग्रेको टेक्टरः- | १ |
| मोटरसाइकलः- | ११ | विग्रको मोटरसाईकलः- | ४ |
| टेक्टर टालीः- | ६ | विग्रेको वारुणयन्त्रः- | १ |
| बारुण यन्त्रः- | ४ | | |
| रोलरः- | १ | | |
| टिप्परः- | २ | | |
| भवनः- | १८ | | |
| हेण्डपाइप जडानः- | ७३ | | |

भवनसमेतको जग्गा ९९ विघा ३ कष्ठा १५ धुर

**समन्वय र सहकार्यका प्रयासहरु**

- बेलहिया गाउं समाज वडा नं. १
- ढाक्रे क्लब वडा नं. ४
- सि.न.पा. उद्योग वाणिज्य संघ
- नेपाल राष्ट्रिय उद्योग व्यापार संगठन
- सामुदायिक प्रहरी
- महिला नगर समन्वय समिति
- गैरसरकारी संघसंस्थाहरु

**सामाजिक सम्पादनका क्षेत्रहरु:-**

- फोहोरमैला व्यवस्थापन सम्बन्धी तालिम
- खुल्ला दिशामुक्त क्षेत्र घोषणा
- आयमूलक कार्य

**सुधारको लागि चाल्नुपर्ने कदमहरु:-**

- थप जनचेतना जगाउने
- अपनत्वको भावना जगाउने
- फोहोरमैला घरबाट निक्लन नदिने
- कार्यसम्पादनमा सहयोगी भावना जागरुक गराउने

**गतवर्ष भोगेका समस्याहरु:-**

- जतिसुकै कसरत गरेपनि अपेक्षित आन्तरिक आय बढाउन नसकिएको ।
- जनसंख्या र क्षेत्रफलको आधारमा नगरपालिकाको स्रोत न्यून ।
- डुवान र फोहोर मैला व्यवस्थापनको समस्या ।
- स्थानीय शासन, सामुदायिक विकास कार्यक्रम निरन्तरताको अभावमा लक्षित कार्यक्रम संचालन गर्न नसकिएको ।
- सरकारी सार्वजनिक जग्गा व्यवस्थापन गर्न कठिनाई भएको ।

**७. सामाजिक परिक्षणबाट देखिएका सवल पक्षहरु**

- नागरिकहरु सचेत बन्दै जानु
- जेष्ठ, अशक्त अपाङ्ग र एकलको आत्म सम्मानमा वृद्धि
- गुनासो राख्न पाउने व्यवस्था भएको
- सेवा ग्राही (लक्षित वर्ग) सेवा प्रदायकसँग राम्रो सम्बन्ध
- आफ्नो जनशक्ति र अन्य साझेदार संस्थाको संयुक्त लगानीमा कार्यक्रमहरु संचालन गरेको ।
- लैङ्गिक समानता र समावेशिकरणमा नागरिकहरु सचेत भएको पाइयो ।
- सामाजिक परिक्षण कार्यक्रमको भेलामा २१४ जना उपस्थिति रहेको ।
- स्वास्थ्य र सरसफाईमा नागरिकहरु सचेत भएको ।

- सि.न.पा. को आय आर्जन बढाउनको लागि सि.न.पा नाकामा कडाई गरिएकोले सि.न.पा. मा व्यापार राम्रो भएको ।
- एकिकृत सम्पत्तिकर लागु गरि वर्षमा ८७ लाख आम्दानी गरिएको ।
- काम र जिम्मेवारी प्रति सचेतता भएको ।

**८. सामाजिक परिक्षणबाट देखिएका चुनौतिहरु**

- घर निर्माणको लागि नक्सा पास गर्दा प्रिन्टलेवल एउटा निश्चित मापदण्ड तयार हुन नसक्नु
- कृषियोग्य जग्गा घरघडेरीको रुपमा विकासगर्ने क्रममा न.पा.ले निश्चित मापदण्ड तयार गर्न नसक्नु ।
- स्थानीय निकायको कार्यक्रमबारे अधिकारवाला र सरोकारवालालाई जानकारी आदानप्रदान हुन जरुरी ।
- सामाजिक लेखा परिक्षण कानुनी रुपमा अनिवार्य एवं प्रचलित लेखापरिक्षण प्रणालीको आधार बनाउन सकिने संस्कारको विकास हुन बाँकी नै छ ।
- समयमा बजेट निकासा प्राप्त नहुँदा जनसमानसमा अन्यौलता पैदा भएको जसले गर्दा न.पा.प्रति रकम हिनामिनाको जनगुनासो आउने गरेको ।

९. सामाजिक जिम्मेवारी पुरा गर्न स्थानीय निकायले चाल्नुपर्ने कदम

- न.पा. क्षेत्रभित्र छाडा जनावर र कुकुरलाई नियन्त्रण गर्न आवश्यक प्रवन्ध मिलाउनु पर्ने ।
- सि.न.पा. का हिमाली पथ र अन्य पथमा ध्यान केन्द्रित गरिनुपर्ने ।
- सि.न.पा. का ९, ८, र ७ मा वडा कार्यालयहरु व्यवस्थित गरिनुपर्ने ।
- करको दायरा बढाइनु पर्ने ।
- पुल नाला निर्माणमा प्राविधिक दृष्टि नपुऱ्याइएको ।
- घर निर्माणको लागि स्पष्ट नक्सापासको नीति बनाइयोस् ।
- ३० फिटको बाटो साधुराउँदै ९ फिट सम्म बनाइएकोमा सि.न.पा. ध्यान आकर्षण गर्नु पर्ने ।
- महिलाहरुको क्षमता विकास तालिम प्रदान गरिनु पर्ने ।
- हराभरा नगर भन्ने भनाई खाली भनाईमा मात्र सिमित रहेको ।
- बजेट व्यवस्थापन पक्ष न्यायोचित नभएको ।

- नागरिकलाई पार्टी होइन नागरिकको रुपमा हेरिनु पर्ने ।
- नागरिकका उचित मागको सुनुवाई हुनुपर्ने ।
- देवकोटा चोकमा अनिवार्य रुपमा ट्राफिक बस्ने व्यवस्था गरिनुपर्ने ।
- न.प.ा मा व्यवसाय गर्ने सम्पूर्ण व्यवसायीहरुको फर्म दर्ता गर्न अभिप्रेरित गर्दै करको दायरालाई वृद्धि गर्नुपर्ने ।

......................
लिला कुमारी पौडेल
सामुदायिक कल्याण कार्यक्रम
सि.न.पा. ७

मितीः-२०७०/०६/०४

# कार्यक्रममा खिचिएका तस्विरहरु







प्रमुख अतिथि स्थानिय विकास अधिकारी श्री पोसल कुमार पोखरेल
पानसमा बत्ति बाल्दै कार्यक्रम समुद्घाटन




प्रारम्भिक प्रतिवेदन प्रस्तुती सामजिक परिक्षक लिलाकुमारी पौडेल



कार्यक्रममा वृद्धवृद्धालाई नगद, दोसल्ला र फुलमालाद्वारा सम्मान




सि.न.पा. कार्यकारी प्रमुख श्री टिकादत्त राईद्वारा प्रमुख अतिथि श्री पोसल कुमार पोखखरेलज्यूलाई मायाको चिनो प्रदान गर्दै



सामाजिक परिक्षण कार्यक्रममा सहभागिहरु